# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको (Proactive Disclosure) विवरण

सूचना सार्वजनिक गर्ने निकायको नामः- इलाका प्रशासन कायालय, चन्द्रौटा, कपिलवस्तु ।

सूचना सार्वजनिक गरेको अवधि- २०७९ बैशाख देखि २०७९ असार मसान्त सम्म ।

१. निकायको स्वरुप र प्रकृतिः- यस इलाका क्षेत्रका नागरिकहरुको लागि प्रत्यायोजित अधिकार बमोजिम दैनिक सेवा प्रवाह गर्दै शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको रक्षा गर्नुका साथै विकास निर्माण कार्यमा सहजीकरण गर्नु स्थानीय प्रशासनको मुख्य उद्देश्य हो । इलाका प्रशासन कार्यालयलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्ने दिशामा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने शिवराज न.पा., कृष्णनगर न.पा. र विजयनगर गाउँपालिका रहेका छन ।

दृष्टिकोण

नेपालको संविधान तथा प्रचलित कानुनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्ने गरी कार्य गर्नु गराउनु गृह प्रशासनको दृष्टिकोण भए अनुरुप सोही दृष्टिकोण पूरा गर्नका लागि इलाका प्रशासन कार्यालयको स्थापना भएको हो ।

लक्ष्य

यस कार्यालयको क्षेत्र भित्रका जनताको माग र आधारभुत आवश्यकता अनुरुप स्थानीय प्रशासनलाई नियमित, व्यवस्थित र प्रभावकारी बनाई नागरिक सेवा प्रवाह (Service Delivery) गर्दै भरपर्दो शान्ति व्यवस्था र सुरक्षा प्रदान गर्नु समेत यस कार्यालयको लक्ष्य रहेको छ ।

उद्देश्य

यस कार्यालयको क्षेत्राधिकारभित्रका नागरिकहरुको लागि सरल र सहज रुपमा नागरिक सेवा प्रवाह गर्दै शान्ति व्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु यस कार्यालयको मूलभूत उद्देश्य हो ।

२. निकायको काम, कर्तव्य र अधिकार

१. आन्तरिक सुरक्षा सम्बन्धी नीति, योजना तथा स्थानीय स्तरमा कार्यक्रमको कार्यान्वयन

२. इलाका क्षेत्रभित्र शान्ति व्यवस्था र सुरक्षा कायम राखे

३. नागरिकता वितरण

४. इलाका क्षेत्र भित्रका कार्यालय/संघ/संस्था निरीक्षण तथा अनुगमन

५. द्रुत राहदानी सिफारिस

६. इलाका क्षेत्र भित्र बजार अनुगमन, नियमन तथा नियन्त्रण

**३. निकायमा रहने कर्मचारीको संख्या र कार्यविवरण:-**

कार्यालयको कुल स्थायी दरबन्दी संख्या ................................ १३

हाल कार्यरत स्थायी कर्मचारी ................................................ ७

रिक्त संख्या ............................................................................ ६

कर्मचारी दरबन्दी विवरण

१. उप सचिव (रा.प.द्धितीय) ................................................ १

२. शाखा अधिकृत (रा.प.तृतीय) ........................................... १

३. नायब सुब्बा (रा.प.अन.प्रथम) ......................................... २

४. लेखापाल (रा.प.अन.प्रथम) ............................................ १

५. क.अ.(रा.प.अनं.प्रथम) ..................................................... १

६. खरिदार (रा.प.अनं.द्धितीय) ............................................. २

७. ह.स.चा. (श्रेणी विहिन) .................................................. १

८. का.स. (श्रेणी विहिन) ..................................................... ४

कार्य विभाजन- फाँट अनुसार

क) नागरिकता फाँट

ख) प्रशासन फाँट

ग) लेखा फाँट

घ) सूचना प्रविधि फाँट

**४. निकायबाट प्रदान गरिने सेवा:-**

- नयाँ नागरिकता तथा प्रतिलिपी नागरिकता वितरण
- द्रुत राहदानी सिफारिस
- नाबालक परिचयपत्र
- ठाडो उजुरी दर्ता, कारवाही र किनारा

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:-**

- नागरिकता शाखा
- नागरिकता प्रतिलिपी शाखा
- राहदानी शाखा
- प्रशासन तथा ठाडो उजुरी शाखा

} फाँट प्रमुख शाखा अधिकृत

६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :- यस कार्यालयबाट प्रवाह हुने सेवामा टिकट वाहेक अन्य कुनै दस्तुर नलाग्ने ।

**नेपाल सरकार**

गृह मन्त्रालय

# इलाका प्रशासन कार्यालय

चन्द्रौटा, कपिलवस्तु

## नागरिक वडापत्र

| क्र.सं. | सेवाको विवरण | आवश्यक पर्ने कागजात/प्रमाणहरु | सेवा प्राप्त गर्न लाग्ने समय | सेवा प्राप्त गर्न लाग्ने शुल्क | जिम्मेवार कर्मचारी | गुनासो सुन्ने अधिकारी | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | नागरिकता | | | | | | |
| १.१ | बंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र | • अनुसुची १ फारममा स्थानीय तहको सिफारिस<br>• बाबुको ना.प्र.प., सो नभए आमा, दाजु/भाइ वा बंशज खुल्ने निजको नातेदारको ना.प्र.प., सोको नाता प्रमाणित वा बंशज खुल्ने अन्य प्रमाण र सनाखत<br>• विवाहित महिलाको हकमा पतिको ना.प्र.प., माइतीतर्फको बंशज खुल्ने ना.प्र.प., विवाहदर्ता प्रमाणपत्र र सनाखत<br>• जन्म मिति खुल्ने प्रमाण, शैक्षिक प्रमाणपत्र<br>• जन्म दर्ताको प्रमाणपत्र<br>• बसाईसराई गरी आउनेहरुको हकमा बसाईसराई प्रमाणपत्र र जग्गाधनी दर्ता प्रमाणपत्र वा सम्पत्ति कर, विद्युत, खानेपानी महसुल रसिद, घरकर रसिद<br>• हालसालै खिचिएको दुबै कान र अनुहार प्रष्ट देखिने २ प्रति फोटो | प्रमाण पुगेको भए सोही दिन | रु.१० को टिकट | सम्बन्धित फाँट प्रमुख | कार्यालय प्रमुख/ शा.अ. | |
| १.२ | बैवाहिक अंगीकृत नागरिकता | • अनुसुची ७ फाराममा स्थानीय तहको सिफारिस<br>• पतिको ना.प्र.प. र विवाह दर्ता प्रमाण पत्र<br>• विदेशी नागरिकता परित्याग गर्ने कारवाही चलाएको प्रमाण<br>• बाबु, आमाको आधार कार्ड/रासन कार्ड<br>• पतिको सनाखत, पति नभए | प्रमाण पुगेको भए सोही दिन | रु.१० को टिकट | सम्बन्धित फाँट प्रमुख | कार्यालय प्रमुख/ शा.अ. | |

नारायण पाण्डेय
सचिव

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | एकाघरका ससुरा, सासु, जेठाजु, देवरको सनाखत, निजहरुको ना.प्र.प. र नाता प्रमाणित<br>• फोटो २ प्रति | | | | | |
| १.३ | कर्मचारी परिवारको नाताले ना.प्र.प. लिंदा (सरकारी, संस्थान र सामुदायिक विद्यालय) | • कर्मचारी भएको प्रमाण<br>• स्थानीय तहको सिफारिस सहितको अनुसुची फारम -२ प्रति<br>• सम्बन्धित कार्यालयको सिफारिस पंत्र<br>• फोटो २ प्रति<br>• पिता वा पतिको ना.प्र.प. सहित सनाखत | प्रमाण पुगेको भए सोही दिन | रु.१० को टिकट | सम्बन्धित फाँट प्रमुख | कार्यालय प्रमुख/ शा.अ. | |
| १.४ | नेपाली नागरिकताको प्रतिलिपी | • तोकएको ढाँचा (अनुसूची २) बमोजिम स्थानीय तहको सिफारिस<br>• ना.प्र.प.नं. वा जारी मिति खुलेको प्रमाण<br>• बसाई सरी आएको भए बसाई सराई, लाल पुर्जा, घरकर रसिद, बिजुली बिल, पानीको बिल<br>• अन्य जिल्लाबाट ना.प्र.प. लिएकाको हकमा सोको अभिलेख | प्रमाण पुगेको भए सोही दिन | रु.२० को टिकट | सम्बन्धित फाँट प्रमुख | कार्यालय प्रमुख/ शा.अ. | |
| २. | द्रुत राहदानी सिफारिस | • निवेदन, ना.प्र.प. र २ प्रति फोटो | " | रु.१० को टिकट | सम्बन्धित फाँट प्रमुख | कार्यालय प्रमुख/ शा.अ. | |
| ३. | नावालक परिचयपत्र | • निवेदन<br>• स्थानीय तहको फोटो प्रमाणित सहित किटानी सिफारिस<br>• बाबु/आमाको ना.प्र.प.<br>• जन्मदर्ता प्रमाणपत्र (विदेशमा जन्म भएको भए सोको सक्कलै प्रमाण)<br>• विदेशमा जन्म भएको भए : बाबु आमाको राहदानी, ट्राभल डकुमेन्ट, Birth Certificate, विवाह दर्ता प्रमाणपत्र, स्वयं बाबु वा आमा उपस्थित नभएमा एकाघरको अन्य व्यक्तिले सनाखत गर्दा सो व्यहोरा खुलेको स्थानीय तहको सिफारिस र नाता प्रमाणित प्रमाणपत्र<br>• शैक्षिक योग्यताको प्रमाणपत्र<br>• फोटो २ प्रति | प्रमाण पुगेको भए सोही दिन | रु.१० को टिकट | सम्बन्धित फाँट प्रमुख | कार्यालय प्रमुख/ शा.अ. | |
| ४. | व्यक्ति प्रमाणित | • निवेदन र ना.प्र.प.<br>• विवरण फरक पर्न गएको प्रमाण कागजात | प्रमाण पुगेको भए सोही दिन | रु.१० को टिकट | सम्बन्धित फाँट प्रमुख | कार्यालय प्रमुख/ शा.अ. | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • फोटो टाँस सहितको स्थानीय तहको किटानी सिफारिस<br>• फोटो २ प्रति<br>• प्रहरी प्रतिवेदन (आवश्यकतानुसार) | | | | |
| ५. | शान्ति सुरक्षाको निवेदन | • व्यहोरा खुलेको निवेदन<br>• परिचय खुल्ने प्रमाण<br>• निवेदनको व्यहोरा पुष्टि हुने कागजात | प्रमाण पुगेको भए सोही दिन | रु.१० को टिकट | सम्बन्धित फाँट प्रमुख | कार्यालय प्रमुख/ शा.अ. | |
| ६. | जनसरोकारका गुनासो वा ठाडो उजुरी | • व्यहोरा खुलेको निवेदन<br>• परिचय खुल्ने प्रमाण<br>• निवेदनको व्यहोरा पुष्टि हुने कागजात | प्रमाण पुगेको भए सोही दिन | रु.१० को टिकट | सम्बन्धित फाँट प्रमुख | कार्यालय प्रमुख/ शा.अ. | |

७. निर्णय गर्ने प्रक्रिया र अधिकारः- प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम उप सचिव (कार्यालय प्रमुख) बाट ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः- प्रमुख जिल्ला अधिकारी, कपिलवस्तु ।

९. सम्पादन गरेको कामको ववरणः- २०७९ बैशाख देखि २०७९ असार मसान्त सम्म ।

१. सम्पादित मुख्य कार्यहरुको विवरण

| क्र. सं. | सम्पादित प्रमुख कार्यहरु | आ.व.०७८/७९ को तेस्रो त्रैमासिकको कुल उपलब्धि | आ.व.०७८/७९ को चौथो त्रैमासिकको कुल उपलब्धि |
|---|---|---|---|
| १. | नागरिकता विवरण | | |
| | क. वंशज | २२३४ | १२३९ |
| | ख. बैवाहिक अंगिकृत | ३०५ | १४६ |
| २. | नावालक परिचयपत्र वितरण | ५ | ९ |
| ३. | प्रतिलिपी नागरिकता वितरण | ४९८ | १०५४ |
| ४. | द्रुत राहदानी सिफारिस | १३८ | ८१ |
| ५. | ठाडो उजुरी | ६ | १० |
| ६. | अन्य प्रमाणित र सिफारिस | २४२ | ५ |
| ७. | बजार अनुगमन | ० | ७ |

२. आर्थिक प्रशासन सम्बन्धी

क. पूंजीगत खर्च

| वार्षिक बजेट | आ.व. ०७८/७९ को तेस्रो त्रैमासिक सम्मको खर्च | आ.व. ०७८/७९ को चौथो त्रैमासिक सम्मको खर्च | कैफियत |
|---|---|---|---|
| १,१७,००,०००।० | १६,१२,२५८।० | ७४,३३,२६५।० | |

ख. चालु खर्च

| वार्षिक बजेट | आ.व. ०७८/७९ को दोस्रो त्रैमासिक सम्मको खर्च | आ.ब. ०७८/७९ को चौथो त्रैमासिक सम्मको खर्च | कैफियत |
|---|---|---|---|
| ८४,३९,५००।० | ५६,३८,६९३।५३ | ८२,६०,२२९।५३ | |

**१०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद :-**

क. कार्यालय प्रमुख :- श्री नारायण पाण्डेय (९८५७००९७७७)

ख. सूचना अधिकारी :- श्री हिमलाल विश्वकर्मा (९८५७०५४६६६)

**११. ऐन नियम विनियम वा निर्देशिकाको सूची:-**

- स्थानीय प्रशासन ऐन, २०२८
- नागरिकता ऐन,२०६३
- नागरिकता नियमावली,२०६३
- नागरिकता वितरण कार्यविधि निर्देशिका, २०६३
- नागरिकता प्रमाणपत्रको डाटा हेर्ने मात्र पहुँच दिने सम्बन्धी कार्यविधि, २०७५
- निजामती सेवा ऐन, २०४९
- भ्रष्टाचार निवारण ऐन, २०५९
- मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४
- मुलुकी देवानी (संहिता) ऐन, २०७४, मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७
- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- सुचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६
- अधिकार प्रत्यायोजन पत्र

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण**

२०७९ बैशाख १ गते देखि २०७९ असार मसान्त सम्मको आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

| बजेट शिर्षक | वार्षिक बजेट | आ.व. ०७८/७९ को तेस्रो त्रैमासिक सम्मको खर्च | आ.व. ०७८/७९ को चौथो त्रैमासिक सम्मको खर्च | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| पुंजीगत खर्च | १,१७,००,०००।० | १६,१२,२५८।० | ७४,३३,२६५।० | |
| चालु खर्च | ८४,३९,५००।० | ५६,३८,६९३।५३ | ८२,६०,२२९।५३ | |

१३. तोकिए बमोजिमका अन्य विवरण :-

१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण :- यस कार्यालयको प्रशासकिय भवन निर्माण शुरु भएको ।

१५. सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण :-

Website :- aaochandrauta.moha.gov.np

E-mail :- chandrautailaka@gmail.com

Facebook Page :- इलाका प्रशासन कार्यालय चन्द्रौटा

Twitter : @AChandrauta

Phone Number :- 9857009777, 9857054666, 076-540012, 076-540115

Fax Number :- 076-540012

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:-**

—

**१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:-**

—

**१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:-**

—

**१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:-**

लिखित रुपमा माग नभएको, मौखिक सूचना नियमित रुपमा दिइएको ।

**२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण :-**

Website : aaochandrauta.moha.gov.np

Facebook Page :- इलाका प्रशासन कार्यालय चन्द्रौटा

२०७९।०४।०६

नारायण पाण्डेय

उप सचिव